# नेपालगञ्ज राजपत्र

## नेपालगञ्ज उप-महानगरपालिकाद्धारा प्रकाशित

## नगर आमसञ्चार नीति, २०७८

खण्ड-५) संख्या ५९, नेपालगञ्ज, २०७८ माघ २ गते

नेपालगञ्ज उप-महानगरपालिकाका

नेपालगञ्ज, बाँके

लुम्बिनी प्रदेश, नेपाल

# नगर आमसञ्चार नीति-२०७८

## प्रस्तावना

नेपालको संविधानले परिकल्पना गरेको खुला, जनमुखी, पारदर्शी र जवाफदेही स्थानीय सरकार बनाउन, नेपालगन्जका विभिन्न जातजाति, धर्म वा सम्प्रदायबीचको सु-सप्रविधि र उपायको प्रयोग गरी सबै खालका आमसञ्चार माध्यमको समविकास गर्दै स्वस्थ, मर्यादित म्बन्धलाई प्रगाढ बनाउँदै, सामाजिक सद्भावका लागि सौहार्दपूर्ण सम्बन्धको सेतुका रूपमा काम गरी नागरिकको सूचना र अभिव्यक्ति स्वतन्त्रताको हकको संरक्षण गर्दै, सूचना तथा सञ्चार क्षेत्रका अत्याधुनिक, जिम्मेवार, स्वतन्त्र, व्यवसायिक र उत्तरदायी आमसञ्चार क्षेत्रको विकास र प्रर्वद्धन गरी पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेण्टीका लागि नेपालगन्ज उप-महानगरपालिकाद्वारा **'नगर आमसन्चार नीति २०७८'** जारी गरिएको छ ।

## २. लक्ष्य

२.१ नागरिकको सूचना र अभिव्यक्ति स्वतन्त्रताको हकको संरक्षण गर्ने,

२.२ आमसञ्चार माध्यम तथा सञ्चारकर्मीको स्वतन्त्रताको संरक्षण, व्यवसायिक दक्षता विकास र संस्थागत सुदृढिकरण गर्ने ।

## ३. उद्देश्यहरु

३.१ उपमहानगरका सबै क्षेत्र र समुदायमा सूचनाको पहुँच विस्तार गर्न,

३.२ स्वच्छ, निष्पक्ष, लोकतान्त्रिक मूल्य मान्यतामा आधारित आत्मनिर्भर, जवाफदेही र उत्तरदायी आम सञ्चार माध्यमको विकास गर्न,

३.३ सञ्चारका माध्यममा नवीनतम् प्रविधिको विकास र विस्तार गरी ज्ञानमा आधारित समाजको निर्माण गर्ने,

३.४ सञ्चार क्षेत्रको गुणस्तर वृद्धि गरी जिम्मेवार, उत्तरदायी, मर्यादित र विश्वसनीय बनाउँदै सञ्चार माध्यमको व्यवसायिकतामा जोड दिन,

३.५ सञ्चार क्षेत्रमा समावेशीताको विकास गर्न,

३.६ सञ्चार क्षेत्रमा ज्ञान, सीप, योग्यता र क्षमतायुक्त जनशक्ति उत्पादन गर्न सहयोग गरी पत्रकारितालाई मर्यादित पेशाका साथै आकर्षक रोजगारीको क्षेत्रका रुपमा विकास गर्न,

३.७ सञ्चार माध्यममा हुने लगानीलाई पारदर्शी बनाइ व्यवसायिक एवं प्रतिस्पर्धी बनाउन,

३.८ छापा तथा विद्युतीय माध्यमबाट प्रकाशन तथा प्रसारण हुने विषयवस्तुबाट पर्न सक्ने नकारात्मक

प्रभाव न्यूनिकरण गरी सकारात्मक सन्देश प्रवर्द्धन गर्न,

३.९ आमसञ्चार माध्यमबाट उपमहानगरमा सामाजिक सद्भाव कायम गर्न,

३.१० उपमहानगरको मिडिया विकास कोषलाई व्यवस्थित र पारदर्शी बनाउन,

३.११ मिडियालाई समानुपातिक रुपमा लोककल्याणकारी विज्ञापन वितरण गर्न, छापा, श्रव्य, श्रव्यदृश्य माध्यमबाट उपमहानगरपालिकाका गतिविधि, सूचना तथा जानकारी प्रकाशन प्रसारण गर्ने ।

## ४. मार्गदर्शक सिद्धान्तहरु

### ४.१. साझा दायित्व

यो नीति कार्यान्वयन गर्ने दायित्व सबै सरोकारवालाहरुको साझा दायित्व हुनेछ । यस नीतिमा कुनै संशोधन गर्नुपर्ने भएमा संयुक्तरुपमा सरोकारवाला बीच छलफलबाट गरिनेछ ।

### ४.२. आन्तरिकीकरण

यस नीतिसँग सरोकारवाला व्यक्ति वा संस्थाले नीतिका लक्ष्य, रणनीति र कार्यनीतिमा आधारित रहेर योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ ।

### ४.३. दिगो विकास

नीतिलाई कार्यान्वयन गर्दा नेपाल सरकारले तय गरेको दिगो विकास लक्ष्यको सूचकांकलाई आत्मसाथ गरिनेछ ।

### ४.४. न्यायोचितता

पछाडि परेका वा पारिएका समुदायको विषयलाई उजागर गर्न नीतिले महिला, दलित, जनजाति, मुस्लिम, सिमान्तकृत र अपांगता भएका व्यक्ति तथा समुदायलाई प्राथमिकतामा राखेर काम गर्नेछ ।

### ४.५. जनसहभागिता

नीति निर्माण तहदेखि कार्यान्वयनसम्म जनसहभागितामूलक प्रक्रियालाई अबलम्बन गरिनेछ । समग्र प्रक्रियामा जनसहभागिता सुनिश्चित भए नभएको अनुगमनका लागि आमसन्चार माध्यम, नागरिक समाज र उपमहानगरपालिकाको संयुक्त अनुगमन समिति निर्माण गरिनेछ ।

### ४.६. समन्वय र सहकार्य

यो नीतिले तय गरेका कार्यनीतिहरुलाई कार्यान्वयन तथा प्रवर्द्धनका लागि सरकारी, गैरसरकारी तथा सञ्चार क्षेत्रसँग सम्बन्धित संघसंस्थासँग समन्वय र सहकार्य गरिने छ ।

# ५. आधारभूत नीति

५.१ विचार अभिव्यक्ति, पूर्ण प्रेस स्वतन्त्रता र सूचना प्रवाहको स्थापित अन्तर्राष्ट्रिय मूल्य, मान्यता तथा प्रचलन एवम् नेपालको संविधानले आत्मसात् गरेको सिद्धान्त अनुकूल प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निर्वाध प्रयोगका निम्ति आवश्यक पूर्वाधारको निर्माण गरी पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता गरिनेछ ।

५.२ विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी राष्ट्रिय हित र राष्ट्रिय एकताको प्रवर्द्धनद्वारा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सूचना तथा सञ्चार प्रणालीको विकास गरिनेछ ।

५.३ मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, एकता, सामाजिक सद्भाव र राष्ट्रिय हितलाई सुदृढ गर्ने तथा गरीबी, अशिक्षा, उत्पीडन र अभावबाट ग्रस्त नागरिकको जीवनस्तर उकास्ने लक्ष्यका साथ उद्यमशीलता, स्वावलम्बन र सिर्जनात्मक कार्यलाई अभिप्रेरित गर्न एवम्  उत्प्रेरकको भूमिका निर्वाह गरी आर्थिक सामाजिक विकासको प्रवर्द्धन गर्ने उद्देश्यले छापा, रेडियो, टेलिभिजन, अनलाइन, इन्टरनेट जस्ता सूचना प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

५.४ उपमहानगरपालिकाबाट सञ्चालित भाषाभाषीका सञ्चार माध्यमलाई प्रोत्साहित गरिने छ ।

५.५ सञ्चार माध्यममा प्रस्तुत गरिने सामग्रीमा उपमहानगरपालिकाभित्रको विविधताको सम्बोधन गर्दै स्थानीय भाषाको प्रस्तुतिलाई प्रवर्द्धन गरी स्थानीय सामग्रीको प्रकाशन प्रसारण गर्न प्रोत्साहित गरिनेछ ।

५.६ उपमहानगरपालिकाभित्र सञ्चालन हुने आमसञ्चार माध्यम र कार्यरत सञ्चारकर्मीको अभिलेखिकरण गरिने छ ।

५.७ सञ्चार माध्यमलाई स्थानीय जनताको सरोकारका प्राथमिकताका क्षेत्रका साथै उपभोक्ता अधिकार तथा जनचेतना अभिवृद्धि, विपद् जोखिम न्यूनीकरण तथा सुशासन सम्बन्धी सामग्री प्रकाशन तथा प्रसारण गर्न प्रोत्साहित गरिनेछ ।

५.८ विदेशी लगानीको निर्णायक भूमिका हुने गरी सञ्चार माध्यम सञ्चालन गर्न कानूनी रुपमा रोक लगाइनेछ । सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी तथा कर्मचारी नेपाली नागरिक हुनुपर्नेछ ।

५.९ सञ्चार माध्यमको प्रोत्साहनका लागि प्रदान गरिने लोककल्याणकारी विज्ञापनको प्रभावकारी र न्यायपूर्ण वितरणका लागि व्यवस्था मिलाइने छ । त्यसका लागि सञ्चार माध्यमको वर्गीकरण गरी शर्त र सहुलियत निर्धारण गरिनेछ ।

५.१० उपमहानगरले उलपब्ध गराउने विज्ञापनको समानुपातिक वितरण, श्रमजीवी पत्रकार र कर्मचारीको श्रम विवादमा मध्यस्थता, सञ्चार माध्यमहरुमा आचार संहिता तथा स्वनियमनको प्रवर्द्धन तथा सञ्चार माध्यमहरु विरुद्धको उजुरी सुनुवाई, सञ्चारकर्मीको क्षमता विकास लगायतका आवश्यक कार्य गर्ने व्यवस्था मिलाइनेछ ।

५.११ सञ्चारकर्मी तथा कर्मचारीको सामाजिक सुरक्षा तथा कार्यस्थलजन्य जोखिम न्यूनीकरणका लागि ‘सञ्चारकर्मी सुरक्षा कोष’ स्थापना गर्ने व्यवस्था मिलाइने छ ।

५.१२ कानून पालना नगर्ने सञ्चार माध्यमहरुलाई उपमहानगरबाट प्राप्त हुने सबै प्रकारका सुविधाबाट वञ्चित गरी आवश्यक कारवाही गरिने छ ।
५.१३ आमसञ्चारमाध्यममा सबै वर्ग, क्षेत्र, जाति, भाषा, लिङ्ग र समुदायको पहुँच बढाउन महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता, मधेशी, सीमान्तकृत समुदाय र पछाडि परेका क्षेत्र, वर्ग र समुदायको आमसञ्चारको क्षेत्रमा प्रतिनिधित्व बढाउन प्रोत्साहित गर्ने ।
५.१४ स्वरोजगार सिर्जना गर्ने साना लगानीका सञ्चार माध्यमलाई प्रोत्साहन गरिनेछ ।
पत्रकारको क्षमता अभिवृद्धिका लागि तालिम गोष्ठी र सेमिनार आयोजना गरिनेछ ।
५.१५ स्थानीय सरकारका विषयमा कमल चलाउने आम सञ्चार माध्यम र सञ्चारकर्मीलाई प्रोत्साहनका लागि पुरस्कार र सम्मान गरिने छ
५.१६ नगरका विकास निर्माण र गतिविधिबारे जानकारी दिन नियमित बुलेटिन, फिचर सेवा, रेडियो र टेलिभिजन कार्यक्रम उत्पादन, वृत्तचित्र र चलचित्र निर्माण गरिने वा गर्न प्रोत्साहित गरिने छ ।
५.१७ सूचना प्रविधिको प्रयोगबाट जनतामा सूचनाको पहुँच बढाउन, वेभसाइट, मोबाइल एप, डिजिटल डिस्प्ले, सामाजिक सञ्जालका पेजहरु निर्माण गरिने छन् ।
५.१८ नागरिकमा सूचनाको चाँडो पहुँचका लागि नगरका विभिन्न स्थानमा फ्रि वाइफाइ जोनहरु बनाइने छ ।

# ६. विषयगत नीति

## ६.१. प्रसारण सेवा

६.१.१ फ्रिक्वेन्सी बाँडफाँडको अधिकार संघीय सरकारलाई भएकाले कुनै पनि व्यक्ति वा संस्थाले फ्रिक्वेन्सी प्राप्त गर्नुपूर्व नेपालगन्ज उपमहानरपालिकाको सिफारिस अनिवार्य गरिनेछ । प्रसारण माध्यमका लागि उपमहानगरपालिकाले छुट्टै ऐन, नियम, कार्यविधि र निर्देशिका जारी गर्नेछ ।
६.१.२ प्रसारण क्षेत्रका इजाजत प्राप्त संस्थाले परस्पर सहमतिमा पूर्वाधारहरुको सहप्रयोग तथा साझेदारी गर्न चाहेमा त्यस्ता प्रयासलाई प्रोत्साहन गरिनेछ ।
६.१.३ उपमहानगरपालिकाले आफ्नै रेडियो र टेलिभिजन सन्चालन गर्ने ।

## ६.२. निजी एवं व्यवसायिक प्रसारण

६.२.१ इजाजतपत्र नलिइ यस उपमहानगर क्षेत्रभित्र एफएम रेडियो सञ्चालन गर्न पाउने छैन । १०० वाट क्षमतासम्मको एफ.एम रेडियोको इजाजत र नविकरण उपमहानगरपालिकाबाट हुनेछ । उपमहानगरलाई अख्तियारी आउनु अघि प्रचलित कानून बमोजिम इजाजतपत्र लिएर सञ्चालन भइरहेका एफएम रेडियोहरुको प्रसारण सम्बन्धी कार्यक्रमको जिम्मेवारी पनि नगरकै हुनेछ । एफ.एम रेडियोको इजाजतपत्र प्रत्येक आर्थिक वर्षमा नविकरण गर्नु पर्नेछ ।

६.२.२ निजी क्षेत्रबाट प्रसारण हुने एफ.एम रेडियो र टेलिभिजन लगायतका प्रसारण माध्यमलाई स्वतन्त्र, जवाफदेही, निष्पक्ष र व्यवसायिक संस्थाका रूपमा सञ्चालन हुने वातावरण सिर्जना गरिनेछ ।
६.२.३ प्रसारण माध्यमलाई क्षमता र लगानीका आधारमा ठूला, मझौला र साना तथा उद्देश्यका आधारमा सामुदायिक र व्यवसायिक गरी वर्गीकरण गरिनेछ । सामुदायिक प्रसारण संस्थालाई अनुदान र अन्य सहुलियतमा विशेष प्राथमिकता दिइने छ ।
६.२.४ एफएम रेडियो र टेलिभिजनको सञ्जाल (नेटवर्किङ) मार्फत हुने प्रसारणका कारण नगरभित्रका भाषा, संस्कृति र रहन सहनमा पर्नसक्ने नकारात्मक प्रभाव न्यूनिकरण गर्न नेटवर्किङ वा रिले प्रसारण गर्नु पूर्व उपमहानगरपालिकाबाट अनुमति लिनुपर्ने व्यवस्था गरिनेछ ।

## ६.३. छापा सञ्चार माध्यम

६.३.१ छापा माध्यमको दर्ता गर्ने जिम्मेवारी स्थानीय अधिकारी र अभिलेख राख्ने काम प्रदेश वा संघीय सरकारको प्रेस रजिष्टारको भए पनि उपमहानगरपालिकाबाट प्रकाशित हुने सबै पत्रपत्रिकाको अभिलेख अध्यावधिक गरी सूचीकरण गर्ने व्यवस्था गरिनेछ ।
६.३.२ सूचिकरण गरिएका पत्रपत्रिकालाई वर्गीकरण गरी लोक कल्याणकारी विज्ञापन वितरण गर्ने व्यवस्था मिलाइने छ ।
६.३.३ स्थानीय भाषामा पत्रपत्रिका प्रकाशन गर्न र प्रकाशित भएका स्थानीय भाषाका पत्रिकालाई प्रोत्साहन गरिनेछ ।
६.३.४ नगरको मौलिक भाषा, साहित्य, धर्म, कला, संस्कृति, ऐतिहासिकतालगायतको पहिचानलाई प्रवर्द्धन गर्ने खालका पुस्तक लेखनलाई सुविधा तथा सहुलियत उपलव्ध गराइनेछ ।
६.३.५ उपमहानगरपालिकाले जनतालाई सुसूचित गर्न नगरका गतिविधि समेटेर नियमित बुलेटिन प्रकाशन, फिचर सेवा र वार्षिक स्मारिका प्रकाशन गर्नेछ ।

## ६.४. अनलाइन सञ्चार माध्यम

६.४.१ सूचना तथा प्रशारण विभाग काठमाडौंमा दर्ता भएका र प्रेस काउन्सिल नेपालमा सूचीकरण गरिएका समाचारमूलक अनलाइन सञ्चार माध्यममध्ये प्रधान कार्यालय नेपालगन्ज उपमहानगरपालिकाभित्र रहेकालाई अनिवार्य रुपमा सूचीकरणको व्यवस्था गरिनेछ ।
६.४.२ सूचिकरण भएका समाचारमूलक अनलाइन सञ्चार माध्यमलाई मात्र वर्गीकरण गरी अन्य सञ्चार माध्यम सरह सुविधा दिने व्यवस्था गरिनेछ ।

## ६.५. चलचित्र

६.५.१ पर्यटकीय गन्तव्यस्थलका रुपमा रहेका नगरका पर्यटकीय स्थानको विकास र प्रवर्द्धन गरी राष्ट्रिय एवं अन्तराष्ट्रिय चलचित्र छायाङ्कनस्थलको रुपमा विकास गर्न चलचित्र पर्यटनलाई प्रोत्साहन गरिनेछ ।
६.५.२ नगरको मौलिक भाषा, धर्म, संस्कृति, ऐतिहासिकतालगायतको पहिचानलाई प्रवर्द्धन गर्ने खालका चलचित्र र वृत्तचित्रलाई विशेष सुविधा तथा सहुलियत उपलव्ध गराइनेछ ।

## ६.६. विज्ञापन

६.६.१ नगरभित्र सञ्चालित विज्ञापन एजेन्सी दर्ता गर्ने व्यवस्था मिलाइने छ । प्रदेश वा संघीय स्तरमा दर्ता भएका एजेन्सीलाई पनि सूचीकरण गरिनेछ ।
६.६.२ नगरभित्र दर्ता र सूचीकरण भएका एजेन्सीलाई मात्र विज्ञापन उपलब्ध गराइने छ । नगरबाट सञ्चालित मिडियाहरुलाई एजेन्सी नभए पनि विज्ञापन दिने व्यवस्था मिलाइने छ ।
६.६.३ आम उपभोक्तामा विज्ञापनले पार्ने नकारात्मक प्रभावको न्यूनीकरण गर्न र उपभोक्ताको उत्पादन र सेवा छनौट गर्न पाउने अधिकार सुनिश्चित गर्न अमर्यादित, अशोभनीय र संविधानको भावना प्रतिकूल विज्ञापन सामग्री प्रकाशन वा प्रसारण गर्न नपाइने व्यवस्था गरी उपभोक्ता हितको संरक्षण गरिनेछ ।
६.६.४ सञ्चार माध्यमले कुनै निश्चित विचार, धर्म र आस्था अथवा ब्रान्ड, उत्पादन वा सेवाको मात्र प्रचार वा एकाधिकार रहने गरी प्रकाशन, प्रसारण वा प्रदर्शन गर्न नपाउने गरी आवश्यक कानूनी व्यवस्था गरिनेछ ।
६.६.५ जनहितकारी विज्ञापन प्रसारण गर्ने प्रसारकलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।
६.६.६ विपद्बाट उत्पन्न सङ्कटका समयमा आवश्यक सूचना तथा सन्देश प्रवाह गर्न सहुलियत दरमा वा आमसञ्चार माध्यमले सामाजिक उत्तरादायित्व वहन गर्दै निःशुल्क प्रकाशन तथा प्रसारण गर्नु दायित्व हुनेछ ।
६.६.७ होर्डिङ बोर्ड, विद्युतीय डिस्प्ले, विज्ञापन टावर, भित्ते लेखन र उच्च वेलुन जस्ता बाह्य ( आउटडोर) विज्ञापन प्रदर्शन गर्न, राख्न वा जडान गर्न अनुमति दिइने क्षेत्र छुट्याइ जनताको सुरक्षा, स्थानीय क्षेत्रको सौन्दर्य र वातावरणको स्वच्छता सुनिश्चित गर्न सम्बद्ध निकायसँगको सहकार्यमा आवश्यक व्यवस्था गरिनेछ ।
६.६.८ राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित गर्नुपर्ने टेण्डरलगायतका सूचना स्थानीय मिडियामा पनि अनिवार्य रुपमा प्रकाशित गरिनेछ ।
६.६.९ नगरका विज्ञापन वितरण समानुपातिक रुपमा गरिनेछ ।
६.६.१० उपमहानगरपालिकाका विषयगत शाखाहरुबाट एकमुष्ट रुपमा सन्देश संकलन गरी वार्षिक क्यालेण्डर तयार गरेर स्थानीय मिडियालाई लोक कल्याणकारी विज्ञापन उपलब्ध गराइनेछ ।

## ६.७. नगर मिडिया काउन्सिल

स्वस्थ पत्रकारिताको विकास, प्रेस स्वतन्त्रताको रक्षा र प्रचलनका साथै पत्रकारिताको मर्यादा कायम गर्न स्वायत्त अविच्छिन्न उत्तराधिकारवाला नगर मिडिया काउन्सिलको गठन गरिनेछ ।

### ६.८. मिडिया विकास कोष

मिडियालाई आधुनिकीकरण तथा व्यवसायीकरण गरी नगरको पत्रकारिता क्षेत्रको समुचित विकासका लागि नगर मिडिया विकास कोषको स्थापना गरिनेछ । कोषबाट सञ्चार संस्थाको संस्थागत विकास र सञ्चारकर्मीले क्षमता अभिवृद्धिका लागि सहायता र सहयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । सञ्चारकर्मीको सामाजिक सुरक्षा तथा कार्यस्थलजन्य जोखिम न्यूनीकरणका लागि 'सञ्चारकर्मी सुरक्षा कोष' स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।

### ६.९. नगर सूचना बैंक

उपमहानगरका सूचना संकलन गरी सञ्चार माध्यमलाई उपलव्ध गराउने व्यवसायिक प्रयोजनका लागि सूचना बैंक स्थापना गरिनेछ ।

## ७. विविध

७.१ यो सञ्चार नीति कार्यान्वयन गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ ।
७.२ सञ्चार नीतिलाई आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ ।
७.३ प्रदेश र संघीय नीतिसँग बाझिएका विषयवस्तु संघीय सञ्चार नीति अनुसार हुनेछ ।
७.४ नगर स्तरमा आवश्यक ऐन, कानून, संस्थागत व्यवस्था, जनशक्तिको व्यवस्था नभएसम्म प्रदेश र संघीय ऐन, कानून, संस्थागत व्यवस्था र जनशक्ति परिचालन गरी यस नीति अनुसार सम्पादन गर्नु पर्ने नियमन र व्यवस्थापनका कार्य सम्पादन गरिनेछ ।

**आज्ञाले,**
गुरुदत्त सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणिकरण मिति : ईति सम्वत २०७८ साल माघ २ गते रोज १ मा शुभम् ।**